स्थानीय सरकार
दुर्गा भगवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गंगा पिपरा, रौतहट
मधेश प्रदेश, नेपाल

प.सं.२०८२/०८३ मिति : २०८३/०२/१८

## तह वृद्धि/स्तरवृद्धि सम्बन्धी सूचना।
(प्रथम पटक प्रकाशित मिति : २०८३।०२।१८ गते)

प्रस्तुत विषयमा मधेश प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा ४ को उपदफा ६ र दफा २९ को उपदफा १ र २ तथा यस दुर्गा भगवती गाउँपालिकाको कर्मचारीहरुको तहवृद्धि/स्तर वृद्धि/तह मिलान सम्बन्धी कार्यविधि, २०८१ बमोजिम तह वृद्धि/स्तरवृद्धि प्रयोजनको लागि यस गाउँपालिका कार्यालय तथा मातहतका कार्यालयमा कार्यरत योग्यता पुरा भएका कर्मचारीहरुले तपसिलमा उल्लेखित कागजातहरु सहित मिति २०८३।०२।१७ गतेभित्र कार्यालय समयमा यस कार्यालयमा ऐ. कार्यविधिको अनुसूची १ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुहुन सम्बन्धित सम्पूर्ण कर्मचारीहरुलाई जानकारीको लागि यस कार्यालयको मिति २०८३।०२।१३ गतेको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल :**

१.अनुसूची १ बमोजिमको निवेदन।
२.शुरु नियुक्ति पत्रको प्रतिलिपी १ थान।
३.समायोजन पत्रको प्रतिलिपी १ थान।(कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएको हकमा)
४.सरुवा सम्बन्धी पत्रको प्रतिलिपी १ थान।
५.रमाना पत्रको प्रतिलिपी १ थान।
६.बढुवा/स्तरवृद्धि सम्बन्धी पत्रको प्रतिलिपी १ थान।
७.न्यूनतम शैक्षिक योग्यता प्रमाणपत्रहरुको प्रतिलिपी १/१ थान।
८.पछिल्लो तीन आर्थिक वर्ष(आ.व.०७९/८०, ०८०/८१ र ०८१/८२) को का.स.मू. फारम।

मनिष झा
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**

१.श्री मुख्यमन्त्रि तथा मन्त्रि परिषदको कार्यालय मधेश प्रदेश, जनकपुरधाम।
२.श्री प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाम।
३.श्री सूचना प्रविधि शाखा : वेबसाईटमा अपलोड गरिदिनुहुन।